**बैठक नं. ०४** **(बैठक संख्या ७९)**

आज मिति २०८२/०६/०२ गते विहान ११:०० वजे गाउँपालिका अध्यक्ष श्री बिष्णु प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

**उपस्थिती:**

| क्र सं | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि. क. | |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री वीर बहादुर पुन | |
| १५ | अधिकृत सातौ | श्री विमला गैह्रे | |
| | | | |
| | | | |
| | | | |
| | | | |

बैठक नं. ०४ मितिः २०८२/०६/०२ (बैठक संख्या ७९)

**निर्णय नं १**

**प्राप्त पत्र बारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमाः** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न भयो साथै अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो ।

**निर्णय नं २**

**कार्यविधि स्वीकृत सम्बन्धमाः**

क) कृषि क्षेत्रमा बढ्दो आधुनिक प्रविधिको कारण परम्परागत गोरु पालनमा कृषकहरुको सक्रियता घट्दै गइरहेको साथै आधुनिक कृषि औजार प्रयोग गर्न नसकिने क्षेत्रका खेति योग्य जमिनहरु बाझो हुदै गइरहेको वर्तमान अवस्थालाई मध्यनजर गर्दै रम्भा गाउँपालिका गाउँसभाबाट स्वीकृत अनुदान उपलब्ध गराउने हल गोरु प्रोत्साहन अनुदान कार्यक्रम कार्यान्वयन गर्न वाञ्छनिय भएकोले रम्भा गाउँपालिकाको **हल गोरु पाल्ने कृषकहरुलाई प्रोत्साहन अनुदान वितरण मापदण्ड, २०८२** स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

ख) रम्भा गाउँपालिकाबाट उपलब्ध गराउने सार्वजनिक सेवा र विकास निर्माणको कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले रम्भा गाउँपालिकाको स्वीकृत दरबन्दी भित्रका पदहरुमा खुला प्रतिस्पर्धाबाट जनशक्ति पदपूर्ति गर्न रम्भा गाउँपालिकामा **करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८२** स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

**योजना कार्यान्वयन सम्बन्धमाः** देशमा हाल उत्पन्न असहज परिस्थितिको कारण संघीय सरकारबाट स्पष्ट निर्देशन नहुँदासम्मको लागि रम्भा गाउँपालिका गाउँसभाबाट स्वीकृत तत्काल गर्नुपर्ने दायित्व सिर्जना भएका बाहेकका वार्षिक योजना कार्यान्वयनलाई हाल यथास्थितिमा राख्ने तथा ठुला योजनाहरुको हकमा टेण्डर आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

**शिक्षक पदस्थापन सम्बन्धमाः** जनप्रिय आ.वि. रम्भा ४ मा कार्यरत शिक्षक श्री रक्षा थापालाई मिति २०८२/०४/२१ गतेको गाउँ शिक्षा समितिको निर्णयबाट रविकिरण माध्यमिक विद्यालयमा रिक्त रहेको दरबन्दीमा काज सरुवा गरिएकोमा निजलाई सोहि विद्यालयमा सोहि पदमा पदस्थापन गर्ने र जनप्रिय आ.वि. मा रहेको रिक्त दरबन्दीलाई भृकुटी आ.वि. रम्भा १ मा कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

**सडक मर्मत गर्ने सम्बन्धमाः** आउँदै गरेको दशै तथा तिहारलाई मध्यनजर गर्दै रम्भा गाउँपालिका भित्रका मोटरबाटोको खाल्डाखुल्डी पुर्ने र पहिरो हटाउने कार्यको लागि रम्भा गाउँपालिकाको व्याक हो लोडर ले मात्रै उक्त कार्य समयमा सम्पन्न गर्न नसक्न देखिएकोले सम्भव भएसम्म गाउँपालिका भित्रका अन्य व्याक हो लोडर सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार भाडामा प्रयोग गर्ने साथै प्राविधिक लागत अनुमान बमोजिम भए गरेको कामको प्राविधिक मूल्यांकन प्रतिवेदन बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

CamScanner

बैठक नं. ०४ मिति: २०८२/०६/०२ (बैठक संख्या ७९)

**निर्णय नं ६**

**आर्थिक सहायता सम्बन्धमा:**

रम्भा गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका व्यक्तिहरुबाट प्राप्त स्वास्थ्य परीक्षण प्रतिवेदन समेतको आधारमा कडा रोग उपचार यातायात शिर्षकबाट यातायात खर्च बापत तपसिल बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

तपसिल:

| क्र सं | निवेदकको नाम थर | सहयोग रकम |
|---|---|---|
| १ | भुवान्सी सारु रम्भा- ३, पिपलडाँडा | १०,००० |
| २ | दिल बहादुर सिंजाली रम्भा- २, फोक्सिङकोट | १०,००० |
| ३ | देवका अर्याल वस्याल रम्भा- १, हुँगी | १०,००० |

**निर्णय नं ७**

**रकम भुक्तानी सम्बन्धमा**: रम्भा गाउँकार्यपालिकाको मिति २०८२/०३/२४ गतेको बैठकबाट गत आ.व. २०८१/०८२ मा श्रोत सुनिश्चित नभएको हुदाँ चालु आ.व. २०८२/०८३ मा भुक्तानीको लागि दायित्व सिर्जना भएका तपसिल बमोजिम योजनाको तपसिल बमोजिमको शिर्षकबाट रकम भुक्तानी दिने निर्णय गरियो ।

तपसिल:

| क्र सं | योजनाको नाम | भुक्तानी हुने रकम | व्यवसायीक फर्म | राजश्व शिर्षक |
|---|---|---|---|---|
| १ | पोखरडाँडाँ देखि मार्सिडाँडा मोटर बाटो निर्माण रम्भा ५ | १५४९५५।२१ | रिमिघा निर्माण सेवा रम्भा ३ | विपद व्यवस्थापन कोष |

**निर्णय नं ८**

**उत्तर गण्डकी महास्नान तथा दामोदर महामेला पर्यटन प्रवर्द्धन कार्यक्रम कार्यान्वयन सम्बन्धमा**: रम्भा गाउँपालिका १ असेदीं क्षेत्र र गल्याङ नगरपालिका मालुङ्गामा अवस्थित उत्तरबाहिनी क्षेत्रमा मिति २०८२/०६/२१ गतेदेखि कार्तिक १९ गतेसम्म संचालन हुने उत्तरगण्डकी महामेला तथा दामोदर धर्मोत्सव २०८२ संचालन तयारीको लागि प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम(शसर्त अनुदान) अन्तर्गत पुँजिगत प्रकृतिका आयोजना संचालनका लागि उपभोक्ता समितिमार्फत काम अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं ९**

**शोक प्रस्ताव सम्बन्धमा:**

मिति २०८२/०५/२३ र २४ गते भएको gen- z आन्दोलनमा सहादत प्राप्त गर्ने शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्ने साथै उक्त आन्दोलनका क्रममा भएका घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।